# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

बागमती प्रदेश, नेपाल ।


प.सं.: २०७९।८०
च.नं. ९४४

मिति: २०७९/०४/१८

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/ वडा सचिबहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७९ श्रावण १८ गते बुधवार बसेको आ.व. ०७९/८० को पहिलो गाउँ कार्यपालिकाको बैठकको निर्णय पाना चार (४) थान यसैसाथ संलग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

...............................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०४/१८ गते बुधवार विहान ७:०० बजे आ.व.०७९/८० को यस मनहरी गाउँ कार्यपालिकाको पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी अधिकृतस्तर सातौं प्रशासन शाखा प्रमुख

मिति २०७९ श्रावण १८ गते गाउँ कार्यपालिका बैठकमा छलफलको विषयवस्तु

१. योजना सम्झौताको अवधि थप सम्बन्धमा

२. लामिटारमा सञ्चालित गाउँ कार्यपालिका कार्यालयको साइनबोर्ड दर्ता चलानी तथा हाजिरी सम्बन्धमा

३. वडा नं. १ का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको भत्ता वितरणको लागि बैंक परिवर्तन सम्बन्धमा

४. स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७९ तथा सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा

५. कर्मचारीको सेवा करार अवधि सम्बन्धमा

६. कृषि तथा भेटनरी प्राबिधिक, पोषण सहजकर्ता, निर्माण प्राबिधिक पदपूर्ति गर्ने सम्बन्धमा

७. वार्षिक प्रगति समिक्षा सम्बन्धमा

८. वडा कार्यालय सञ्चालनको लागि उपलब्ध गराइने सञ्चालन अनुदान खर्चको खर्च सीमा सम्बन्धमा

९. विविध

निर्णयहरु

१.प्रस्ताव नं १ माथी छलफल गर्दा देहायका निर्माण कार्यका ठेक्काहरु निर्माण सामग्रीको उपलब्धतामा कठिनाई, स्थानीय तह सदस्य निर्वाचन, २०७९, प्रतिकूल मौसम जस्ता बिबिध कारणले समय सिमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको देहाय बमोजिम म्याद थप गरी तिब्र कार्य समाप्तिका निम्ति निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी/उपभोक्ता समिति | म्याद रहेको अन्तिम मिति | थप गरिएको समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | जोगीताल सुनाचुरी वोरीङ्ग खानेपानी योजना | एशियन वोरिङ्ग निर्माण सेवा | २०७९।०२।१२ | २०७९।०६।३१ | |

बकैया गाउँ कार्यपालिका बैठक
निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मनहरी बहुमुखी क्याम्पस पर्खाल निर्माण | मनहरी बहुमुखी क्याम्पस पर्खाल निर्माण समिति | २०७९।०१।०८ | २०७९।०६।३१ | |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउँ कार्यपालिका बैठकको मिति २०७९ जेठ २३ गतेको निर्णयानुसार रजैयाबाट केही विषयगत शाखा लामिटारमा स्थानान्तरण भइसकेको र दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न रजैयामा रहेको कार्यालयबाट भौतिक दूरी टाढा भएको हुँदा सो कार्यालय व्यवस्थापनार्थ मिति २०७९।०४।२५ बाट लागू हुने गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. साइनबोर्ड – मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय क ब्लक (लामिटार) मकवानपुर,
ख. हाजिरी- गाउँ कार्यपालाकाको कार्यालय क ब्लक (लामिटार)मा कार्यरत कर्मचारीको हाजिरीको लागि छुट्टै हाजिरी कापी तथा इ हाजिरीको व्यवस्था गर्ने र
ग. दर्ता तथा चलानी किताब- गाउँ कार्यपालाकाको कार्यालय क ब्लक (लामिटार)मा प्राप्त हुने पत्र तथा चलानीको लागि छुट्टै दर्ता तथा चलानी किताबको व्यवस्था गर्ने ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा १ नं. वडा कार्यालयले मिति २०७९ असार ६ गते वडा समितिको बैठक बसि सो वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई मुक्तिनाथ बिकास बैङक मनहरी शाखामा अपायक परेको भनि निर्णय सहितको सिफारिस प्राप्त भए अनुसार उक्त बैंकसंगको सम्झौता भंग गरी कामना बिकास बैंक हेटौंडा शाखा संग सम्झौता प्रक्रिया अगाडि बढाइ सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । त्यस्तै ९ नं. वडाका एन. आइ.सि. एसिया बैंक मनहरी शाखाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सो बैंकसंगको सम्झौता भंग गरी ९ नं. वडा कार्यालयको सिफारिस बमोजिम सांग्रिला विकास बैंक रजैयाबाट भत्ता वितरणको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७९ तथा तथा सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७९ पारित गरी राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिका वा अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीको करार अवधि विगतमा गाउँ कार्यपालिका बैठकले सम्झौता भंग गर्ने भनी गरिएको निर्णय बाहेकेका कर्मचारीहरु मध्ये मनहरी अस्पतालमा कार्यरत कार्यालय सहयोगी श्री कृष्णबहादुर भट्टलाई उमेर हदका कारण सेवा करार

२०७९।०४।१९ देखि थप नगर्ने र बाँकीको सन्दर्भमा आगामी पौष मसान्त सम्म निरन्तरता दिने निर्णय गरियो ।साथै वडा कार्यालयहरुमा ६ महिना दैनिक ज्यालादारी कामकाज गरिसकेका सहायक कम्प्युटर अपरेटरहरु तथा ब्याक हो लोडर अपरेटर प्रबिनकुमार ब्लोनलाई मिति १०७९।०४।१ बाट लागू हुने गरी सेवा करार सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम तथा संघीय सरकारको शर्त बमोजिम कर्मचारी रिक्त/आवश्यक हुन गइ नियमित रुपमा सेवा प्रवाह गर्न कठिनाई परिरहेको हुँदा देहाय बमोजिम कर्मचारी स्थायी पदपूर्ति नभएसम्म सेवा करारमा पदपूर्तिको लागि करार सेवामा श्रेणी विहिन कर्मचारी र प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७८ बमोजिम कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क.

| क्र.सं. | पद | तह | बजेट व्यवस्था | पद संख्या | |
|---|---|---|---|---|---|
| १. | कृषि अधिकृत | अधिकृतस्तर छैठौं सरह | संघीय सशर्त | १ | संघीय शर्त बमोजिम |
| २. | पशु सेवा प्राविधिक | सहायक स्तर चौथो | गाउँपालिका | १ | |
| ३. | पोषण स्वयं सेवक | | संघीय सशर्त | १ | |
| ४. | असिष्टेण्ट सब इञ्जिनियर | सहायक स्तर चौथो | गाउँपालिका | ३ | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकाले आर्थिक वर्ष २०७८।०७९ मा हासिल गरेको प्रगति प्रस्तुती तथा समीक्षा मिति २०७९ श्रावण २० गते गाउँपालिकाको लामिटार स्थित सभाहलमा गर्ने र प्रगति समीक्षामा गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारी, विषयगत शाखाका कर्मचारी, वडाका कर्मचारीलाई अनिवार्य उपस्थिती हुन अनुरोध गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाका प्रत्येक वडा कार्यालयको लागि उपलब्ध गराइने सञ्चालन रु. पाँच लाख अनुदान बाट वडाले देहाय बमोजिम शिर्षकमा खर्च गर्न अख्तियारी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय

| क्र.सं. | खर्च शिर्षक | पुस्याई | बार्षिक बजेट |
|---|---|---|---|
| १ | मर्मत संभार | ईलेक्ट्रिकल सामान एवं कार्यालय सामान्य मर्मत खर्च समेत । | ८०,०००। |
| २ | बैठक भत्ता | वडा कार्यालयको बैठक मासिक बढीमा २ बटाको दरले | १,४४,०००। |

| | | | |
|---|---|---|---|
| | | बैठक भत्ता भुक्तानी हुने । | |
| ३ | चिया खाजा | वडा कार्यालयको मासिक बैठक, अन्य बैठक तथा कार्यालयमा आउने पाहुना एवं पदाधिकारी र कर्मचारीहरुको लागि चिया खाजा खर्च । | ९०,०००। |
| ४ | स्टेशनरी | खर्च भएर जाने प्रकृतिको कार्यालय संचालनको आबश्यक पर्ने बिभिन्न स्टेशनरी सामानहरु । उक्त स्टेशनरी सामानहरुको अनिवार्य रुपमा जिन्सी लगत राख्नु पर्नेछ । | १,४६०००। |
| ५ | खानेपानी महशुल | वडा कार्यालयमा प्रयोग भएको धाराको महशुल शुल्क बापत खानेपानी समितिको रसिद अनुसार खानेपानी महशुल शुल्क भुक्तानी दिने । | ३००० |
| ६ | बिधुत महशुल | वडा कार्यालय बसेको वा रहेको भवनमा प्रयोग भएको बिधुतको महशुल । | ३७०००, |
| | जम्मा रु | | ५०००,००, |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा भूमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि २०७८ को दफा ४ उपदफा १ खण्ड घ बमोजिमको स्थानीय सहजिकरण समितिको सदस्यमा देहाय बमोजिम गाउ कार्यपालिका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

देहाय

श्री चतुरकुमार सुनार – दलित र अल्पसंख्यकको तर्फबाट

श्री सेतीमाया तामाङ- महिलाबाट

उपरोक्त निर्णयहरु सर्वसम्मतिले पारित गरि बैठक समापन गरियो ।

पहिलो गाउँ कार्यपालिका बैठक

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष